**गौमुखी गाउँपलिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**पुजा प्यूठान**
**तार जाली खरिद सम्बन्धी**
**शिलबन्दी दरभाउपत्र आह्वानको सूचना फाराम**
**सूचना नं. ०२**
**सूचना प्रकाशित मिति : २०७६/०७/०८**

यस कार्यालयमा सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समयभित्र बोलपत्र फाराम दस्तुर रु. १,०००।- तिरी बोलपत्रदाता वा निजको अधिकृत प्रतिनिधिले बोलपत्र खरिद गर्न फर्म दर्ता प्रमाणपत्र, व्यवसायी प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र तथा मु.अ.कर दर्ता, आ.व.०७५/०७६ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न राखी रु. १०/-को टिकट टाँस गरी यस गौमुखी गाउँपालिकाको कार्यालय, प्यूठानमा निवेदन दिनुपर्ने छ ।

**शर्तहरु :**

१. सूचना प्रकाशित मितिले १५ औं दिनसम्म बोलपत्र फाराम बिक्री वितरण हुनेछ । बिक्री भइसकेका बोलपत्रहरु आर्थिक र प्राविधिक प्रस्ताव खाममा सिलबन्दी गरी १६औं दिनको १२:०० बजेसम्म दर्ता गराई सक्नुपर्नेछ र दर्ता भएका बोलपत्रहरु फिर्ता लिन चाहेमा सार्वजनिक खरिद नियमावली (पाँचौ संसोधन) २०६४ को नियम ५८ वमोजिम फिर्ता लिन सकिनेछ । १६औं दिनको २:०० बजे फिर्ता भई बाँकी हुन आएका बोलपत्रहरु विभिन्न कार्यालयका प्रतिनिधिहरु र बोलपत्रदाताहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाताका प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । लागत अनुमान मु.अ.कर सहित जम्मा रकम **रु. १५,००,०००।०० (अक्षरुपी पन्ध्र लाख रुपैयाँ)** मात्र भएकाले २.५%ले हुने रकम रु.३७५००।००अक्षरुपी सैंतिस हजार पाँच सय मात्र गौमुखी गाउँपालिकाको कार्यालय, प्यूठानको एस.वि.आई. बैंक लिमिटेड, गौमुखी शाखा ठुलावेसी प्यूठानको हि.नं. ४१४९५२४१२०७००२ को खातामा जम्मा गरेको बैंक भौचर वा सो बराबरको 'क' वर्गको बैंकवाट जारी गरिएको बैंक ग्यारेन्टी पेश गर्नुपर्नेछ ।

२. बोलपत्र खरिद गर्ने, दर्ता गर्ने र खोल्ने दिन विदा परेमा उक्त कार्यहरु भोलिपल्ट कार्यालय खुलेको दिन हुनेछ ।

३. एक फर्मको नाममा खरिद गरेको बोलपत्र फाराम अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइने छैन ।

४. बोलपत्र कबोल गरेको दररेट अङ्क र अक्षर दुवैमा प्रस्टरुपमा लेखिएको हुनुपर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । केरमेट भएको ठाउँमा दायाँवायाँ दस्तखत गरेको हुनपर्नेछ ।

५. तार जालि दाखिला हुन आउँदा सम्म प्राविधिक स्पेसिफीकेशन अनुसार हुनुपर्नेछ ।

६. बोलपत्रमा पेश गरेको मुल्य यस आ.व.का लागि भएकाले कुनै प्रकारको मुल्यवृद्धिलाई स्वीकार गरिनेछैन ।

७. बोलपत्रमा माग गरिएको परिमाण थपघट गर्ने, बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

८. सार्वजनिक खरिद नियमावली २०६४को नियम ४०(ङ) अनुसार बोलपत्रदाताको खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, आफ्नो स्वार्थ नबाझिएको पेसा वा व्यवसायसम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखितरुपमा गरेको घोषणापत्र पेश गर्नुपर्नेछ ।

९. यस सूचनामा छुट हुन गएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित ऐन नियमानुसार हुनेछ ।

राजिव पन्थी
(प्रमुख प्रशासकिय अधिकृत)